मितिः २०८०/०९/१९, का. पा. बैठक संख्या १०

**ज.राजश्व सवलीकरण सम्बन्धमा ।**

ओमसतिया गाउँपालिका कार्यालयले मूल्याङ्कनमा आधारित सम्पत्ति कर सहित राजश्व सवलीकरण कार्यक्रम सञ्चालन गर्ने ।

**झ. बसन्तपूर वाइपासमा हाईमाक्स लाईट सम्बन्धमा ।**

ओमसतिया गाउँपालिका वडा नं-४ स्थित बसन्तपुर वाइपासमा हाइमाक्स लाइट जडान गर्न आगामी हिउँदे सभाबाट बजेट विनियोजित गर्ने ।

**ञ.हेल्प डेक्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा**

ओमसतिया गाउँपालिका कार्यालयको प्रकृति कार्यबोझका आधारमा जनशक्ति सर्वेक्षण ( Organization & Management) मार्फत दरबन्दी सृजना गरी आगामी हिँउदे गाउँसभाबाट अनुमोदन हुने गरी १/१ जना ज्यालादारी कर्मचारी ब्यवस्था मिलाउने

**ट.हाईवे सौन्दर्यकरणको सम्बन्धमा ।**

ओमसतिया गाउँपालिका वडा नं १ र २ मा पर्ने सिद्धार्थहाईवे सडक खण्डलाई सरसफाई तथा सौन्दर्यकरण गर्नका लागि दैनिक ज्यालादारीमा २ जना सरसफाई कर्मचारी राख्ने ।

**ठ.नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सम्बन्धमा ।**

नव प्रवर्तनमा आधारित स्थानिय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि,२०८० को दफा ४२ बमोजिम यस ओमसतिया गाउँपालिका रुपन्देहीले रु.७५ लाख सम्मको कार्यक्रमको लागि १५ प्रतिशतले हुन आउने रकम रु ११,२५,०००। लागत साझेदारी गर्ने गरी कार्यक्रममा सहभागी हुने

**ड.स्वास्थ्य चौकी भवन निर्माण ।**

गाउँपालिका अन्तर्गतको खर्च शीर्षक नं ३११५९ योजना कार्क्रम नं.६०.३ पटखौली स्वास्थ्य चौकी भवन निर्माण वडा नं-५ को लागि १५ लाख विनियोजन भएकोमा सो योजना सम्पन्न गर्न थप रकम आबश्यक हुने भएकाले योजना सम्पन्न गर्न आबश्यक रकमको व्यवस्था गर्ने ।

**ढ.ओमसतिया आ.बि.को अधुरो भवन निर्माण**

गाउँपालिका अन्तर्गतको खर्च शीर्षक नं ३११५९ योजना कार्क्रम नं.६०.४ ओमसतिया आ.बि.को अधुरो भवन निर्माण वडा नं-५ को लागि १५ लाख विनियोजन भएकोमा सो योजना सम्पन्न गर्न थप रकम आबश्यक हुने भएकाले योजना सम्पन्न गर्न आबश्यक रकमको व्यवस्था गर्ने ।

**ड.दाउरा व्यवस्थापन सम्बन्धमा ।**

बढ्दो शितलहरको कारणले जनजीवनमा परेको प्रभावलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापन कोषबाट प्रत्येक वडा कार्यालयको लागि १/१ चट्टा र गाउँपालिका कार्यालयको लागि १ चट्टा दाउरा उपलब्ध गराउने ।

**मन्जित कुमार यादव (सोनु)**
अध्यक्ष

विपिन क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

## मिति: २०८०/०९/१९, का. पा. बैठक संख्या १०

कार्यपालिका बैठकका निर्णयहरु

प्रस्तावहरु

१.बालिका विमा सम्बन्धमा ।

२.समपूरक र विशेष योजना सम्बन्धमा।

३.रामजानकी रंगशाला महोत्सव सम्बन्धमा ।

४.विविध ।

**निर्णयहरु:**

**१.बालिका विमा कार्यविधि संशोधन सम्बन्धमा ।**

**ओमसतिया गाउँपालिकाको बालिका विमा सम्बन्धी कार्यविधि तपशिल बमोजिम पहिलो संशोधन गर्ने ।**

| क्र.सं. | दफा/नियम | हाल रहेको व्यवस्था | संशोधित पछि कायम हुने व्यवस्था |
|---|---|---|---|
| १. | दफा ३ को (क) मा | स्वास्थ्य संस्थामा जन्मिएका बालिकाहरु मात्र यो कार्यक्रममा आबद्धहुन सक्नेछ । | ओमसतिया गाउँपालिका भित्र स्थायी बसोबास गर्ने अभिभावकबाट जन्मिएका बालिकाहरुको मात्र यो कार्यक्रममा आबद्ध हुन सक्नेछन । |
| २. | दफा ३ (च) | बालिका जन्मिएको मितिले ४५ दिन भित्र ओमसितिया गाउँपालिकाले तोकेको कार्यक्रममा निवेदन दिइसक्नु पर्ने । | बालिका जन्मिएको मितिले १ बर्ष भित्र ओमसतिया गाउँपालिकाले तोकेको कार्यलयमा निवेदन दिइसक्नु पर्ने छ । |

**२.समपूरक तथा विशेष योजना माग सम्बन्धमा ।**

**समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ बमोजिम तपशिलका समपूरक तथा विशेष अनुदान माग गर्नका लागि DPR तथा लागत अनुमान तयार गरि आवश्यक कागजपत्र सहित पौष मसान्त भित्र अनुसूची-१ बमोजिमको ढाँचामा नेपाल सरकार अर्थ मन्त्रालय समक्ष पेश गर्ने ।**

**विशेष योजना तर्फ माग गर्ने योजनाहरु:**

| क्र.सं. | योजनाको नाम | संचालन हुने स्थान | आयोजनाको प्रकृति | कुल लागत |
|---|---|---|---|---|
| १ | कोटही आधारभूत विद्यालयको भवन निर्माण | ओमसतिया -२ | क्रमागत | १ करोड १५ लाख (कुल लागत रु १ करोड ८५ लाख स्विकृत भै आ.व.०८०/०८१को लागि रु ७० लाख विनियोजन भएको ।) |

मितिः २०८०/०९/१९, का. पा. बैठक संख्या १०

| | | | | |
|---|---|---|---|---|
| २ | छोटकी रामनगर मा.वि. भवन निर्माण | ओमसतिया -६ | नयाँ | |
| ३ | सतियामाई मन्दिर पर्यटकीय स्थल सौन्दरीकरण | ओमसतिया -५ | नयाँ | |
| ४ | ठुटिपिपल मा.वि. भवन निर्माण | ओमसतिया -१ | नयाँ | |
| ५ | कर्मडाडा रंगशाला र्निमाण | ओमसतिया -२ | नयाँ | |
| ६ | हाटि फर्साटिकर स्वास्थ्य चौकी भवन निर्माण | ओमसतिया -३ | नयाँ | |
| ७ | श्री दशरत जनता मा.वि.मा भवन निर्माण कार्य | ओमसतिया -४ | नयाँ | |
| ५ | श्री रामजानकी मन्दिरमा सन्त निवस तथ गौशाला निर्माण कार्य | ओमसतिया -४ | नयाँ | |

**समपूरक योजना तर्फ माग गर्ने योजनाहरुः**

| क्र. सं. | योजनाको नामा | संचालन हुने स्थान | अनुमानित लागत | गा.पा.को लागत | संघिय सरकारबाट ब्यहोर्नु पर्ने रकम |
|---|---|---|---|---|---|
| १ | सिद्धार्थ राजमार्ग ठुटिपिपल चोकदेखि गाउँपालिका जाने बाटो | ओमसतिया--१ | १ करोड | ५० लाख | ५० लाख |
| २ | लक्ष्मण नेपालको घर तर्फ जाने बाटो कालो पत्रे | ओमसतिया--१ | १ करोड | ५० लाख | ५० लाख |
| ३ | सिद्धार्थ राजमार्ग देखि पूर्व पुनम सिंजालीको घरसम्म बाटो कालोपत्रे | ओमसतिया--१ | १ करोड | ५० लाख | ५० लाख |
| ४ | सिद्धार्थ राजमार्ग देखि २ नं वडा कार्यालय जाने बाटो आ.र सि सि नाला निर्माण सहित १.५ कि.मि. | ओमसतिया-२ | १ करोड | ५० लाख | ५० लाख |
| ५ | पडसरी गाउँभित्र जाने बाटो स्तरउन्नती | ओमसतिया-२ | १ करोड | ५० लाख | ५० लाख |

ओमसतिया गाउँपालिका

मितिः २०८०/०९/१९, का. पा. बैठक संख्या १०

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ६ | गौरीदेखि लोथपूर्वाह जाने बाटो निर्माण १ कि.मि. | ओमसतिया -५ | १ करोड | ५० लाख | ५० लाख |
| ७ | जमुहानी ताल सौन्दर्यकरण पर्यटकीय स्थल | ओमसतिया -६ | १ करोड | ५० लाख | ५० लाख |
| ८ | मझौली चोक बाटो निर्माण | ओमसतिया -६ | १ करोड | ५० लाख | ५० लाख |
| ९ | करुवानी बडसारी लोहरौली सडक कालोपात्रे | ओमसतिया -३ | १ करोड | ५० लाख | ५० लाख |
| १० | सिद्धार्थ राजमार्ग देखि गाउँपालिका जोड्ने सडक कालोपत्रे | ओमसतिया -३ | १ करोड | ५० लाख | ५० लाख |
| ११ | खुन्सा लालपुर हुँदै गाउँपालिका जोड्ने सडक कालोपत्रे | ओमसतिया -३ | १ करोड | ५० लाख | ५० लाख |
| १२ | बन कार्यालय देखि सानोबालापुर सम्म ढक्कन सहितको नाला र पि सि निर्माण कार्य | ओमसतिया-४ | १ करोड | ५० लाख | ५० लाख |

**३.रामजानकी रंगशाला महोत्सव सम्बन्धमा ।**

ओमसतिया गाउँपालिका वडा नं-६ नरेनापुर स्थित रामजानकी रंगशालामा मिति २०८०/१०/१० गते देखि २२ गते सम्म संचालन हुने **"रामजानकी रंगशाला महोत्सवका लागि"** ५,८५०००। अक्षरेपी पाँच लाख पचासी हजार रकम अब हुने हिउँदे गाउँसभाबाट बजेट सुनिश्चित गर्ने गरी उपलब्ध गराउने।

**४.विविधः**

**क.शिक्षा तर्फ**

- छोटकी रामनगर मा.वि.को विद्यालय व्यवस्थापन समिति शिक्षक सम्बन्धमा उक्त विद्यालयको मा.वि. तहमा स्थायी शिक्षक नभएको हुदा तत्कालको समस्या समाधान गर्न श्री जनजागृति मा.वि. करुवानीको मा.वि.शिक्षक श्री सफात अलिलाई अर्को निर्णय नभए सम्मको लागि प्र.अ.को जिम्मेबारी समाल्ने गरी काजमा खटाउने र जनजागृति मा.वि.करुवानीमा मा.वि. तहमा सामाजिक विषय शिक्षक ज्यालादारीमा राख्ने साथै छोट्कीरामनगर मा.वि.मा अंग्रेजी विषय शिक्षकको व्यवस्थापन ६ नं वडा कार्यालयले गर्ने ।

मन्जित कुमार यादव (सोन)

ओमसतिया गाउँपालिका

कामजमा खटाउने र जनजागृति मा.वि.करुवानीमा मा.वि. तहमा सामाजिक विषय शिक्षक ज्यालादारीमा राख्ने साथै छोट्कीरामनगर मा.वि.मा अंग्रेजी विषय शिक्षकको व्यवस्थापन ६ नं वडा कार्यालयले गर्ने ।

- संघिय सशर्त अनुदान अन्तरगतको शिक्षा तर्फ कार्यक्रम मध्ये यस बर्ष कार्यगत अभ्यास सहितको कुकको तालिम सञ्चालन गर्ने ।
- पडसरी आधारभूत विद्यालयको शिक्षक शिला चौधरीको नियूक्ती हुदाको बखतका सम्पूर्ण कागजात तथा विद्यालय व्यवस्थापन समितिको बैठक माइन्यूट रजिष्टर सम्बन्धमा उक्त विद्यालय व्यवस्थापन समिति मार्फत उपलब्ध गराउने ।

**ख.राजकुमार चौधरीको उपचार खर्च सम्बन्धमा ।**

ओमसतिया गाउँपालिका वडा नं-५ सिसनिया निवासी राजकिशोर चाई मिति २०८०/८/११ गते ओमसतिया गाउँपालिका वडा नं-४ अन्तर्गत भैरहवा-परासी सडक खण्डमा दुर्घटनामा परि मेडिकल कलेज भैरहवामा भेन्टिलेटरमा उपचाररत रहेको र निजको आर्थिक अबस्था अत्यन्तै कमजोर भएकोले उपचारका लागि समस्या परेकोले निजको उपचारको लागि गाउँपालिका कार्यालयले ७५०००।(पचत्तर हजार) रकम खर्च शीर्षक नं २७११२ को अन्य सामाजिका सुरक्षा बाट खर्च युनिभर्सल मेडीकल कलेज भैरहवाको खातामा उपलब्ध गराउने ।

**ग.पशु सेवा तर्फ**

- **पशु विमा कार्यक्रम सञ्चालन तथा विमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि २०८० देहाय बमोजिम पहिलो संशोधन गर्ने ।**

| क्र.स | दफा/ नियम | हाल रहेको अवस्था | संशोधित पछि कायम हुने अबस्था |
|---|---|---|---|
| १ | प्रस्तावना | मुलुकको अर्थतन्त्रमा महत्वपुर्ण स्थान ओगटेको पशुपन्छीपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको स्वास्थ्यका दृष्टिकोणबाट समेत पशुपन्छी,पशुपन्छीजन्य पदार्थ तथा पशुपन्छी उत्पादन सामाग्रीको स्वस्थ उत्पादन, बिक्री वितरण,उपभोग गर्ने सम्बन्धमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न र यस ओमसतिया गाउँपालिका भित्र बहुसंख्यक कृषक पशुपालन व्यवसायबाट आफ्नो जिवन निर्वाहा गर्दै आएको परिप्रेक्षमा यस व्यवसायलाई व्यवस्थित,र व्यवसायीकण तथा आधुनिकरण गर्दै किसानहरुको जिवनस्तरमा परिवर्तन ल्याउनु , रोजगारी सृजना, वेरोजगारीको अन्त्य गर्दै,ओमसतिया गाउँपालिका भित्रको समग्र पशुपालन व्यवसायलाई बिकास गर्नु,ओमसतिया | ओमसतिया गाउँपालिका क्षेत्रभित्र रहेका कृषकहरुले पालन गर्दै आएका गाई, भैंसी, भेडा, बाख्रा, बंगुर लगायत पशुहरुको अचानक हुने मृत्युको क्षतिबाट जोगाई आर्थिक नोक्सानी न्युनिकरण गर्ने उद्देश्यले पशु विमा गर्दा बिमितले तिर्नुपर्ने कुल बिमा शुल्कको ५० प्रतिशत रकम अनुदान यस गाउँपालिकाबाट कृषकहरुलाई अनुदान स्वरुप उपलब्ध गराई गाई, भैंसी, बाख्रा तथा बंगुरहरुलाई विमा गरी उनीहरुको आर्थिक तथा सामाजिक हैसियत सबल तथा सक्षम बनाउन गाउँपालिकाको तर्फबाट बिमितले तिर्नुपर्ने कुल बिमा शुल्कमा ५० प्रतिशत अनुदानमा पशु बिमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न कृषकलाई पशुपालन व्यवसायमा जोखिम बहन गर्न सक्षम बनाउन वाञ्छनिय भएकोले ओमसतिया गाउँकार्यपालिकाकले स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ खण्ड 'ण÷ (१२) संग सम्बन्धित कार्यको लागि सोहि ऐनको दफा १०२ को |

| | | | |
|---|---|---|---|
| | | जोखिमहरु कम गरी व्यवसाय तर्फ कृषकहरुलाई आकर्षण गर्न र कृषि क्षेत्रमा निजि तथा सहकारी क्षेत्रको लगानी बढाउन र लगानी सुरक्षित गर्न आवश्यक भएको छ। यो आवश्यकता लाई सम्बोधन गर्न नेपाल सरकारको शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना,२०६९ को कृषि क्षेत्र विकास सम्बन्धी वुँदा नं. ११ मा माछा,पशुपंक्षी र कृषि उपजको व्यवसायिक उत्पादनमा जोखिम बीमा गरिदिने र सो वीमा को ७५ प्रतिशत अनुदान नेपालसरकार ले दिने भनि उल्लेख भए अनुरुप २०६९ माघ १ गते देखी वीमा कार्यक्रम लागु भएको छ र बाकि रहेको २५ प्रतिशत रकम कृषक स्वयम ले तिर्नु पर्ने हुदा अझैपनि बिमा कार्यक्रम विपन्न र आर्थिक अवस्था कम्जोर भएका कृषक माझ पुग्न नसकेको हुदा उक्त २५ प्रतिशत लाई १०० प्रतिशत मानि ८० प्रतिशत गाउँपालिका बाट अनुदान स्वरुप उपलब्ध गराउने र बाकि २० प्रतिशत रकम कृषक स्वयम ले बुझाउनु पर्ने गरि स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ खण्ड ण (१२) संग संम्बन्धित कार्यको लागि सोही ऐनको दफा १०२ को उपदफा २ अनुसार यो कार्यविधि निर्माण गरिएको छ । | |
| २ | परिच्छेद-१(क) | यो कार्यविधिको नाम" पशु बीमा कार्यक्रम संञ्चालन तथा विमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि २०७६"रहेको छ। | यो कार्यविधिको नाम" पशु विमा कार्यक्रम सञ्चालन तथा विमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि २०८० (पहिलो संशोधन) रहेको छ। |
| ३ | परिच्छेद-२ | (ख) विपन्न,आर्थिक अवस्था कम्जोर भएका र पशुधनको विमा नगरेका कृषक वर्ग लाई | (ख) अनुदानमा आधारित पशु विमा कार्यक्रममा सञ्चालन गर्नु पुर्व गाउँपालिका कार्यालयले सूचना प्रकाशन गरि |

मन्जित कुमार

| | | | |
|---|---|---|---|
| | | पहिलो प्रथामिकता दिईनेछ ।<br><br>(ग) विमा गराउने पशु पन्छीको मुल्य निर्धारण गर्दा बाली तथा पशु पन्छी विमा निर्देशीका २०६९ को परिच्छेद-५ अनुसार गरिने छ।<br><br>(घ) विमा कार्यक्रम संञ्चालन गर्दा बार्षिक स्वीकृत बजेट को परिधि भित्र रहेर कार्यक्रम शिर्षक को आधार मा संम्बन्धित वडा कार्यालय मार्फत पशु सेवा शाखा का वडा प्राविधिक हरु मार्फत विमा गराउन ईच्छुक कृषक हरुको नाम र विमा गराउने पशुको संख्या टिपोट गरिने छ।<br><br>(ङ) बाली तथा पशुपन्छी बीमा,बीमा समितिमा दर्ता भएका १७ वटा निर्जिवन बीमा कम्पनीहरु (बीमक) ले नेपालका सबै जिल्लाहरुमा कार्य गर्न सक्ने भएता पनि यस ओमसतिया गाउँपालिकामा बिमा कार्यक्रम संञ्चालन,व्यवस्थापन तथा भुक्तानी प्रकृया लाई व्यवस्थित गर्न यस ओमसतिया गाउँपालिका को पशु सेवा शाखा ले ओमसतिया गाउँपालिका मा कार्यरत प्रमुख प्रशासकीय अधिकृत,आर्थिक प्रसाशन प्रमुख को आवश्यक परामर्शमा विमा कम्पनि संग कार्य सम्झौता गरि कार्यक्रम संचालन गर्ने छ। | कृषक वर्ग तथा सरोकारवाला सवै पक्षलाई जानकारि गराउने छ ।<br><br>(ग) कृषकहरुले आफुले पालन गर्दै आएका पशुहरुको विमा स्वयं आफैले गराई अनुसुची- १ बमोजिमका कागजतहरु सहित अनुसुचि २ बमोजिम ढाँचाको निवेदन कार्यालयमा पेश गर्नु पर्नेछ<br><br>(घ) कृषकहरुले पशुहरुको विमा गराउदा विमा ऐन, २०४९ बमोजिम दर्ता भएको विमा कम्पनी हरु संग मात्र गरेको हुनु पर्नेछ।<br><br>(ङ) अनुसुची-१ बमोजिमका कागजत र अनुसुची-२ बमोजिमको ढाचामा निवेदन सहितका कगजातहरु कार्यालयमा पेश भएपछि मात्र कार्यालयले ( कृषकले तिर्नुपर्ने विमा प्रिमियमको ५० प्रतिशत) रकम भूक्तानिको व्यवस्था मिलाउने छ ।<br><br>(च) अनुसुची-१ बमोजिमका कागजतहरु नपुगेको खण्डमा कार्यालय भूक्तानी दिन बाध्यहुने छैन । |
| ४ | **परिच्छेद-३ (६)क** | क) बिमा प्रिमियम मा अनुदान उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन सम्वन्धमा यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ। | क) पशु विमा कार्यक्रम सञ्चालन तथा विमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि २०८०(पहिलोसंशोधन)कार्यान्वयन सम्वन्धमा यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ। |
| ५ | अनुसुचि १ थप | - | अनुसूची-१<br>ओमसतिया गाउँपालिका |

ओमसतिया गाउँपालिका

| | | | |
|---|---|---|---|
| | गरिएको | | गाउँ कार्यपालिकाको कार्यालय<br><br>**पशु विमा अनुदान कार्यक्रममा सहभागि हुने कृषकहरुको लागि आवश्यक पर्ने कागजतहरुः-**<br><br>✓ विमा कम्पनि बाट जारि गरिएको सक्कल बिमालेख तथा प्रतिलिपि।<br>✓ पशुहरुको कानमा लगाएको पशु पहिचान पट्टा(Tag Number) खुलन्ने रङ्गिन फोटोहरु।<br>✓ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।<br>✓ नागरिकताको प्रतिलिपि।<br>✓ कुनै पनि फर्म/समुह/सहकारिको नाम मा बिमालेख जारि भएको खण्डमा फर्म/समुह/सहकारिको दर्ता नविकरण प्रमाण पत्र,कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ । |
| ६ | अनुसुचि २<br><br>थप<br>गरिएको | - | अनुसुचि-२<br>ओमसतिया गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br><br>पशु विमा अनुदान रकम उपलब्ध गराउने निवेदन ढाँचा<br>मितिः-<br>श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू<br>ओमसतिया गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>हाटिफर्साटिकर,रुपन्देही ।<br><br>विषयः पशु विमा अनुदान रकम उपलब्ध गराई पाउँ भन्ने बारे ।<br><br>महोदय,<br>उपरोक्त सम्बन्धमा वडा नं.......निबासि म कृषक ले पालन गर्दै आएका पशुहरु श्री ...............बिमा कम्पनि बाट बिमा गरेको छु ।ओमसतिया गाउँपालिका बाट प्रस हुने ( कृषकले बिमा गर्दा तिरेको विमा प्रिमियमको ५० प्रतिशत )पशु विमा अनुदान रकम भुक्तानि पाउनको लागि नियमानुसार कागजात संलग्न गरी निवेदन पेश गरेको छु । |

ओमसतिया गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | | १.नेपालि नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।<br>२.बिमालेखको प्रतिलिपि ।<br>३. पशुहरुको कानमा लगाएको पशु पहिचान पट्टा(Ta Number) खुलन्ने रङ्गिन फोटोहरु।<br>४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।<br>निवेदकको नामः<br>दस्तखतः<br>ठेगानाः<br>मोबाईल नः |

- चालु आ.ब.२०८०/०८१ मा पशु सेवा शाखा तर्फ खर्च शिर्षक नं २२५२२ कार्कम नं १.१ मा सामुदायिक स्तरका छाडा कुकुरहरुको बन्ध्याकरण तथा रेविज रोग विरुद्ध भ्यक्सिनेशन कार्यक्रममा विनियोजित बजेट रु ३ लाखबाट वडा नं १ र २ लाई छनौट गरी उक्त कार्यक्रम सुचारु गर्ने ।

**घ.वर्गको निर्माण व्यवसाय सम्बन्धमा ।**

घ बर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्राप्त गर्नका लागि आवश्यक कागजात सहित निवेदन पेश भएकाले तपशिल बमोजिमका निर्माण कम्पनीलाई यस गाउँपालिकामा दर्ता गरि घ बर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिने ।

| क्र.सं. | कम्पनीको नाम | ठेगाना | प्रोपराईटरको नाम |
|---|---|---|---|
| १ | अनिता कन्ट्रक्सन | ओमसतिया -३ बडसारी | अजय कुमार यादव |
| २ | आनन्द विल्डर्स | ओमसतिया-६ | बवि आनन्द माली |

**घ.लघुउद्यम विकास कार्यक्रम सम्बन्धमा ।**

ओमसतिया गाउँपालिकामा रहेको गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन गर्नका लागि स्थरोउन्नतीका लागि गत आ.ब.०८०/०८१ मा कार्यक्रम भैरहेका वडाहरु २ र ४ लाई निरन्तरत दिएको र नयाँ कायर्क्रम प्राविधिक सीप विकास तालिमका लागि वडा नं -५ छनौट गर्ने ।

**च.कृषि हाट बजार सम्बन्धमा ।**

चालु आ.व.मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त अनुदानमा कृषि उपज तथा हाटबजार निर्माण कार्यक्रम/आयोजनाको लागि ओमसतिया-५ गौरिमा विनियोजित बजेट रु २० लाख मा कुल बजेटको २५ प्रतिशत( रु.५ लाख )गाउँपालिका कार्यालयले बजेट सुनिश्चित गरि आय ठेक्का लागाउने ।

**छ.ओमसतिया-४ को श्रीराम कथा सम्बन्धमा ।**

ओमसतिया गाउँपालिका वडा नं-४ बसन्पुर स्थित राम जानकी मन्दिरमा श्रीराम कथा बाचनको पूजा व्यवस्थापन लागि रु ७५०००।(अक्षरेपी पचत्तर हजार रकम) धार्मिक तथा सास्कृतिक संस्था सहायता शीर्षकबाट खर्च हुनेगरी उपलब्ध गराउने।

**ज.राजश्व सवलीकरण सम्बन्धमा ।**

ओमसतिया गाउँपालिका कार्यालयले मूल्याङ्कनमा आधारित सम्पत्ति कर सहित राजश्व सवलीकरण कार्यक्रम सञ्चालन गर्ने ।